जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ६८ २०८३ साल असोज २२ गते बिहीबार (8 Oct 2026 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अवरोध हटे पाँच वर्षमा... ३ पृष्ठमा : अर्थ मन्त्रालयको सहमति ... ३ पृष्ठमा : हर्मुजको चिन्ताले तेल ...

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

# सदा बस्तीका तीन परिवारले आफन्त जिवित्तै फर्केर आउने आश अझै मारेका छैनन्







**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

गत भदौ १० गते रसुवास्थित भोटेकोशीको बाढीमा परी वेपत्ता भएका राजविराज नगरपालिका १६ वोरियास्थित सदा बस्तीका तीन परिवारले आफन्त जिबित्तै फर्केर आउने आश अझै मारेका छैनन् ।

घट्नाको बुधबार ४१औं दिन पुगिसक्दा पनि उनीहरु अन्त्येष्टिका कुनै रितिरिवाज गरेका छैनन् । उक्त बस्तीका ३२ बर्षीय सुरेन्द्र सदा, ३० बर्षीय शिवकुमार सदा र ३४ बर्षीय बेचन सदा गत भदौ १० को बाढीमा परी बेपत्ता छन् ।

परिवारका एक/एकजना व्यक्ति हालसम्म बेपत्ता रहेकोमा उनीहरु फर्केर आउने प्रतिक्षामा रहेकाले अन्त्येष्टि नगरिएको ती परिवारका आफन्तजनले बताएका छन् ।

बाढीमा श्रीमान् सुरेन्द्र बेपत्ता भएपनि उनकी धर्मपत्नी दरोपती अझै १०/१२ बर्ष बाटो हेरेर मात्र अन्त्येष्टिबारे सोच्ने बताउँछिन् ।

दुईसाता अघि बजारबाट बच्चाका लागि औषधि किनेर घर फर्किने क्रममा दरोपती चढेको सिटीरिक्सा दुर्घट्नामा पर्दा उनको बाँयाँ खुट्टामा गहिरो चोट लागेको छ ।

दरोपतिको छिमिकी गुडिया सदाको श्रीमान् शिवकुमार सदा पनि सोही बाढीमा परी बेपत्ता भएकोमा अहिले सम्म अवस्था पत्ता लाग्न सकेको छैन् । उनले पनि श्रीमान् फर्केर आउने आश मारिसकेकी छैनन् ।

त्यस्तै अर्का छिमेकी सुभाष र निभा दाजु बहिनीको आमा फुलिया देवी सदाको क्यान्सर रोगबाट एक बर्ष अघि मृत्यु भएकोमा अहिले रसुवाकै बाढीमा बुवा बेचन सदा समेत बेपत्ता हुँदा झनै पीडा थपिएको छ ।

बुवा फर्केर आउनु हुने प्रतिक्षामा रहेका ती नवालक दाजु बहिनीले एकै स्वरमा भने- बेपत्ता हुनु भएका हाम्रो बुवा एक न एक दिन अवश्य फर्केर आउनुहुन्छ ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाका अनुसार रसुवाको बाढीमा परेर सप्तरीबाट मात्रै ५३ जना बेपत्ता भएका थिए ।

जसमध्ये एक जनाको मृत्यु भएको, ११ जनाको सँकुशल उद्धार गरिएको तथा ४१ जना अझै सम्पर्क बिहीन रहेका छन् । प्रहरी तथ्याङ्क अनुसार रसुवाको बाढीमा मधेश प्रदेशमा सबभन्दा बढी सप्तरीमा ४१ जना अहिले पनि सम्पर्कबिहीन छन् ।

त्यसपछि क्रमशः पर्सा, बारा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा र सिरहाका मानिस सम्पर्कबिहीनको सूचीमा देखिएका छन् । यता बाढीमा परेर ज्यान गुमाएका तथा लामो समयदेखि बेपत्ता भएका मध्ये अधिकांशका परिवारजनले आ-आफ्नो परम्परा अनुसार अन्त्येष्टि गरिसकेका छन् ।

# ४८ किलो लागुऔषध गाजा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

सप्तरीको सुरुङ्गा नगरपालिका ४ स्थित प्रहरीले ४८ किलो लागुऔषध गाजा बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार मंगलबार बलान खोलाको पुल भन्दा दक्षिण पट्टि बलान खोलाको किनारमा प्रहरी चौकी मौवाहा र प्रहरी चौकी धातिबाट खटेको सयुंक्त प्रहरी टोलीले गस्ति गर्दै जाने क्रममा उत्तरबाट दक्षिण तर्फ जादै गरेको मानिसहरुले टाउकोमा बोकेको प्लास्टिकको बोरा प्रहरी टोलीलाई देखेर फाली फरार भएका थिए ।

फालिएको उक्त प्लाष्टिकको तीन वटा बोरामा खोलेर हेर्दा त्यसभित्र १७ वटा प्लाष्टिकका पोकाहरुमा लागूऔषध गाँजा फेला परेको थियो ।

प्रहरीका अनुसार उक्त प्लाष्टिकका पोकाहरु तौल गर्दा ४८ किलो गाजा रहेकोले कानुन वमोजिम वरामद गरी इलाका प्रहरी कार्यालय कडरवोना सप्तरीमा ल्याई थप अनुसन्धान कार्य भईरहेको जनाएको छ ।

# घुस लिदै गर्दा नगरपालिका इन्जिनियर पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, २१ असोज ।**

सर्लाही सदरमुकाम मलंगवा नगरपालिकाका एक इन्जिनियरलाई १ लाख रुपैयाँ घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ ।

आयोगको बर्दिबास कार्यालयको टोलीले नगरपालिकाको प्राविधिक शाखामा कार्यरत इन्जिनियर डिकेश यादवलाई मंगलबार साँझ सेवाग्राहीबाट घुसको रकम लिँदै गरेको अवस्थामा पक्राउ गरेको हो ।

अख्तियार स्रोतका अनुसार नक्सा पास गरिदिने भन्दै सेवाग्राहीसँग रकम मागेको सूचना पाएपछि अख्तियारको टोली मलंगवा नगरपालिका पुगेको थियो । सोही क्रममा यादवलाई सेवाग्राहीबाट १ लाख रुपैयाँ लिँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको स्रोतले जनाएको छ ।

यादवसहित अन्य एक जनालाई पनि अख्तियारले नियन्त्रणमा लिए पनि उनको विषयमा थप केही पनि खुलाइएको छैन । अख्तियारको टोलीले यादवलाई नियन्त्रणमा लिएर घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको छ ।

# कांग्रेस महाधिवेशनमा आधा दर्जन पत्रकार उम्मेदवार

काठमाडौँ, २१ असोज (रासस) ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा पत्रकार पृष्ठभूमिका छ जनाले विभिन्न पदमा उम्मेदवारी दिनुभएको छ ।

महाधिवेशन निर्वाचन समितिले निर्धारण गरेको तालिकाअनुसार मङ्गलबार सम्पन्न उम्मेदवारी दर्ताका क्रममा उहाँहरूको उम्मेदवारी परेको हो ।

समितिका अनुसार यसअघि कांग्रेसको केन्द्रीय सदस्य रहिसक्नुभएका पत्रकार अजयबाबु शिवाकोटीले सहमहामन्त्री (खुला) पदमा उम्मेदवारी दिनुभएको छ ।

यस्तै, वरिष्ठ पत्रकार कविर राणाले केन्द्रीय सदस्य (खुला), समिरजङ्ग शाह, शिव लम्साल र बाला अधिकारीले केन्द्रीय सदस्य ( पेसागततर्फ) र कमला हमालले केन्द्रीय सदस्य (युवा, महिला ३५ वर्षमुनि)मा उम्मेदवारी दिनुभएको हो ।

अधिकारी यसअघि कांग्रेसको विशेष महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुहुन्थ्यो । उहाँहरू सबै जना कांग्रेसको शुभेच्छुक संस्था नेपाल प्रेस युनियनसँग समेत सम्बद्ध हुनुहुन्छ । राणा युनियनको केन्द्रीय सल्लाहकार हुनुहुन्छ भने शाह पूर्वअध्यक्ष, लम्साल वर्तमान अध्यक्ष, अधिकारी पूर्वअध्यक्ष र हमाल वर्तमान केन्द्रीय सदस्य हुनुहुन्छ ।

कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन यही असोज १८ गते भएको थियो भने नयाँ नेतृत्व चयनका लागि भोलि बिहान ७:३० देखि साँझ ५:०० बजेसम्म मतदानका लागि समय निर्धारण गरिएको छ ।

**चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायवीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

## सम्पादकीय ....

### कामदारको अभाव अन्त्य गर्न जरुरी

सप्तरीलाई नेपालको प्रमुख कृषि क्षेत्रका रूपमा चिनिन्छ । यहाँका अधिकांश किसानको मुख्य आम्दानीको स्रोत धान खेती नै हो । तर पछिल्ला वर्षहरूमा धान रोप्नेदेखि काट्नेसम्म कृषि श्रमिकको अभाव बढ्दै जाँदा किसानका लागि खेती चुनौतीपूर्ण बन्दै गएको छ । विशेषगरी धान काट्ने समयमा आवश्यक संख्यामा कामदार नपाउँदा किसानले समयमै बाली भित्र्याउन कठिनाइ भोगिरहेका छन् । वैदेशिक रोजगारी तथा अन्य क्षेत्रमा श्रमका लागि युवाहरू बाहिरिने क्रम बढेसँगै गाउँघरमा कृषि कामदारको संख्या घटेको छ । अर्कोतर्फ, उपलब्ध कामदारले पनि ज्याला बढाउँदै लगेका छन् । समयमा धान काट्न नसक्दा हावाहुरी, वर्षा वा अन्य प्राकृतिक जोखिमका कारण खेतमै बाली क्षति हुने सम्भावना पनि बढ्छ ।

यस्तो अवस्थामा कृषि यान्त्रिकीकरणलाई प्राथमिकता दिनु आवश्यक छ । स्थानीय तह, प्रदेश र संघीय सरकारले किसानलाई हार्भेस्टर, रिपर, थ्रेसरलगायत कृषि उपकरण सहज रूपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । कृषि सहकारीमार्फत सामूहिक रूपमा मेसिन खरिद तथा सञ्चालन गर्ने वातावरण बनाउन सके साना किसानले पनि लाभ लिन सक्छन् । साथै, कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन व्यावसायिक कृषि, उचित मूल्य, बीमा, सहुलियतपूर्ण ऋण र प्राविधिक सहयोगको व्यवस्था आवश्यक छ ।

तसर्थ धान उत्पादन जोगाउन किसानलाई समयमै श्रम र प्रविधिको पहुँच दिलाउनु आवश्यक छ । अनिमात्र किसानले आफ्नो पसिनाले उत्पादन गरेको बाली समयमै भित्राउन नसक्ने अवस्था अन्त्य हुन सक्छ ।


### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# अवरोध हटे पाँच वर्षमा वस्तु तथा सेवा निर्यात ११२ प्रतिशत बढ्ने

काठमाडौं, २१ असोज (रासस) ।

नेपालबाट हुने वस्तु तथा सेवा निर्यातका प्रमुख अवरोध हटाउन सके पाँच वर्षमा निर्यात ११२ प्रतिशतसम्म बढाउन सकिने अध्ययनले देखाएको छ ।

एसियाली विकास बैंक (एडीबी), नेपाल आर्थिक पत्रकार समाज (सेजन) र दक्षिण एसिया व्यापार, अर्थशास्त्र तथा वातावरणसम्बन्धी निगरानी संस्था (सावती) ले मङ्गलबार संयुक्त रूपमा सार्वजनिक गरेको 'नेपालको वस्तु तथा सेवा निर्यातका अवरोध र सहायक पक्षहरू' विषयक अध्ययन प्रतिवेदनमा उक्त कुरा उल्लेख गरिएको हो ।

अध्ययनले महँगो कर्जाका कारण नेपाली उत्पादनको लागत बढ्नुका साथै आयातित कच्चापदार्थ तथा उत्पादनका लागि आवश्यक सामग्रीमा लाग्ने करले नेपाली वस्तुलाई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न कठिन बनाएको देखाएको छ । कमजोर लजिस्टिक्स पूर्वाधार र उच्च ढुवानी लागत पनि निर्यातका प्रमुख अवरोध रहेको अध्ययनको निष्कर्ष छ ।

कार्यक्रममा अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले नेपालले विप्रेषणमा आधारित विकास मोडलबाट निजी लगानी, निर्यात प्रतिस्पर्धात्मक क्षमता र रोजगारी सिर्जनामा केन्द्रित हुने दिशामा अघि बढ्नुपर्ने बताउनुभयो ।

उहाँले सरकारले उक्त अध्ययनलाई भविष्यको वित्तीय नीति तर्जुमा, डिजिटलाइजेसन प्रवर्द्धन तथा विश्वव्यापी मूल्य शृङ्खलामा आबद्ध हुन मुख्य खाकाका रूपमा लिन सक्ने बताउनुभयो ।

एडीबीका नेपालका देशीय निर्देशक अर्नो काउश्वाले नेपाल उच्च आय भएको मुलुकमा रूपान्तरण हुन प्रतिस्पर्धी निर्यातमा आधारित विकास मोडलतर्फ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालको वस्तु निर्यात निरन्तर सुस्त रहेको उल्लेख गर्दै सन् २००० मा कूल गार्हस्थ्य उत्पादनको १५.४ प्रतिशत रहेको निर्यात हिस्सा सन् २०२५ मा घटेर ५ प्रतिशतमा सीमित भएको बताउनुभयो ।

उच्च आय भएको मुलुकमा रूपान्तरण हुन नेपालले विप्रेषणमा आधारित विकास मोडलबाट अघि बढेर उत्पादकत्व वृद्धि, आन्तरिक निजी लगानी, प्रत्यक्ष वैदेशिक लगानी र प्रतिस्पर्धी निर्यातमा आधारित मोडल अपनाउनुपर्ने उहाँको भनाइ थियो । सावतीका वरिष्ठ अनुसन्धान अधिकृत क्षितिज दाहालले अध्ययन प्रतिवेदनमा आधारित प्रस्तुतीकरण दिनुभएको थियो । उहाँले अध्ययनका क्रममा जलवायु परिवर्तन निर्यातका लागि प्रमुख जोखिमका रूपमा देखिएको बताउनुभयो । सर्वेक्षणमा सहभागीहरूले जलवायु परिवर्तनले अलैंची र चियाजस्ता प्रमुख निर्यातजन्य वस्तुको उत्पादनमा असर पारेको बताउनुभएको थियो ।

अध्ययनमा नेपालको निर्यात केही सीमित वस्तु र एउटै प्रमुख बजारमा केन्द्रित रहेको उल्लेख छ । सन् २०२२ देखि २०२४ सम्म नेपालको औसत वस्तु निर्यातको करिब ७१.९ प्रतिशत हिस्सा भारततर्फ गएको थियो । यसको वार्षिक औसत मूल्य करिब ९५८.७ मिलियन अमेरिकी डलर थियो । संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घमा क्रमश: १०.७ प्रतिशत र ६.७ प्रतिशत निर्यात भएको थियो । लत्ताकपडा सबैभन्दा बढी निर्यात हुने वस्तुगत श्रेणीमा रहेको छ ।

अध्ययनका क्रममा ५० वटा फर्मका प्रतिनिधिसँग अन्तर्वार्ता लिइएको थियो । तीमध्ये ३८ वटा निर्यातकर्ता थिए भने ४५ वटा फर्मले संरचनागत प्रश्नावली पूरा गरेका थिए । लगभग सबै फर्मले विभिन्न अवरोध सामना गरिरहेको बताएका छन् । औसतमा, ती अवरोध हटाउन सके पाँच वर्षमा अपेक्षाको तुलनामा निर्यात ११२ प्रतिशत बिन्दुले बढ्न सक्ने फर्महरूको अनुमान छ ।

अध्ययनअनुसार वित्तीय स्रोतमा पहुँच प्रमुख चुनौतीका रूपमा देखिएको छ । सर्वेक्षणमा सहभागी करिब ८४ प्रतिशत फर्मले यसलाई अवरोधका रूपमा उल्लेख गरेका छन् भने ५४ प्रतिशतले ठूलो वा गम्भीर अवरोधका रूपमा मूल्याङ्कन गरेका छन् । ब्याजदर सबैभन्दा ठूलो समस्या रहेको छ भने त्यसपछि ब्याजदरमा हुने उतारचढाव र धितोसम्बन्धी आवश्यकताहरू रहेका छन् । यसबाट साना तथा मझौला फर्महरू बढी प्रभावित छन् ।

आयातित वस्तु तथा उत्पादनका लागि आवश्यक सामग्रीमा लाग्ने कर अर्को प्रमुख समस्या रहेको छ । सर्वेक्षणमा सहभागी ४७ प्रतिशत फर्मले यसलाई ठूलो वा गम्भीर अवरोधका रूपमा मूल्याङ्कन गरेका छन् । लजिस्टिक्स, व्यापार पूर्वाधार, किफायती दरमा जग्गाको उपलब्धता तथा उत्पादनका लागि आवश्यक सामग्री आयात गर्न कठिनाइलाई पनि प्रमुख समस्याका रूपमा औँल्याइएको छ । भारतबाहेकका बजारमा निर्यात गर्ने फर्महरूले लजिस्टिक्स र व्यापार पूर्वाधारलाई प्रमुख समस्याका रूपमा उल्लेख गरेका छन् ।

फर्महरूले सीमित सरकारी सहयोग, नेपाल अतिकम विकसित मुलुकको हैसियतबाट स्तरोन्नति भएपछि निर्यातमा पर्ने प्रभावबारे सीमित जानकारी, ई-कमर्सका क्षेत्रमा रहेका अवरोध तथा जलवायु परिवर्तनलाई उदीयमान जोखिमका रूपमा उल्लेख गरेका छन् ।

अध्ययनमा निर्यातकर्ताहरूले बढ्दो नेपाली डायस्पोरा र उनीहरूसँग रहेको व्यावसायिक सम्पर्क, भारतीय बजारमा भन्साररहित पहुँच तथा खरिदकर्तामार्फ नेपालको सकारात्मक छविलाई निर्यातका सकारात्मक पक्षका रूपमा उल्लेख गरेका छन् । व्यापार मेला, गन्तव्य बजारमा रहेका व्यक्तिगत सम्बन्ध, निर्यात गृह तथा डिजिटल मार्केटिङले पनि निर्यात वृद्धि गर्न सहयोग पुर्‍याएको अध्ययनले देखाएको छ ।

सूचना प्रविधि क्षेत्रका सम्बन्धमा अध्ययनले डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको विश्वव्यापी माग बढिरहेको उल्लेख गरेको छ । सन् २०२२ मा नेपालको आईटी सेवा निर्यातबाट करिब ५१५ मिलियन अमेरिकी डलर आम्दानी भएको अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा ६४.२ प्रतिशत बढी हो ।

यद्यपि, डाटा संरक्षण, साइबर सुरक्षा र बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी कमी, समग्र आईटी निर्यात नीतिको अभाव, सफ्टवेयरजस्ता सामग्रीका लागि आवश्यक विदेशी मुद्रा प्राप्त गर्न कठिनाइ, कमजोर डिजिटल पूर्वाधार तथा दक्ष जनशक्तिको अभावलाई चुनौतीका रूपमा पहिचान गरिएको छ । दक्ष जनशक्तिको बढ्दो उपलब्धता, तुलनात्मक रूपमा कम ज्याला तथा डायस्पोरासँगको सम्बन्धलाई यस क्षेत्रका प्रमुख सकारात्मक पक्षका रूपमा उल्लेख गरिएको छ ।

अध्ययनअनुसार पर्यटन क्षेत्र कोभिड-१९ महामारीबाट धेरै हदसम्म पुनरुत्थान भएको छ । सन् २०२५ मा नेपालमा पर्यटक आगमन ११ लाख ६२ हजार ३६५ पुगेको छ, जुन सन् २०१९ को ११ लाख ९७ हजार १९१ को उच्चतम स्तरभन्दा थोरै कम हो । पर्यटकको औसत बसाइ अवधि बढेर १६.३ दिन पुगेको छ ।

यद्यपि, आर्थिक वर्ष २०२४/२५ मा पर्यटनबाट प्राप्त कुल विदेशी मुद्रा आम्दानी वस्तु निर्यातको २८.७ प्रतिशत बराबर रहेको थियो, जुन अघिल्लो वर्षको ४५.१ प्रतिशतभन्दा कम हो । उक्त आम्दानी कुल गार्हस्थ्य उत्पादनको १.५ प्रतिशत बराबर रहेको थियो ।

सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच समन्वित रणनीतिको अभाव, लक्षित प्रवर्द्धनको सीमितता, पर्याप्त रूपमा विकास नभएका गन्तव्य, सीमित अन्तरराष्ट्रिय हवाई सम्पर्क तथा दक्ष जनशक्तिको अभावलाई पर्यटन क्षेत्रका प्रमुख अवरोधका रूपमा देखाइएको छ ।

**समूहगत छलफल**

त्यस अवसरमा 'नेपालको वस्तु तथा सेवा निर्यात, वस्तु व्यापार, आईटी सेवा तथा पर्यटनमा रहेका अवरोध सम्बोधन तथा अवसरको सदुपयोग' विषयमा समूहगत छलफल पनि आयोजना गरिएको थियो ।

छलफलका क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव हुमकला पाण्डेले सरकारले निर्यातलाई प्रोत्साहन हुने गरी नयाँ कार्यविधि लागू गरेको बताउनुभयो ।

उहाँले सरकारले सेवा व्यापारसम्बन्धी राष्ट्रिय रणनीतिका रूपमा 'नेपाल एकीकृत व्यापार रणनीति २०८१', छुर्पी, गलैंचा र अदुवाजस्ता विशिष्ट उत्पादनका लागि नयाँ निर्यात रणनीति तथा उत्पादनमा आधारित प्रोत्साहनलाई सघाउने गरी निर्यात नीतिअन्तर्गत नयाँ कार्यविधि तर्जुमा गरी लागू गरेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका उपनिर्देशक विष्णु सुवेदीले मूल्य शृङ्खलामा रहेका उत्पादकदेखि निर्यातकसम्मलाई सहुलियतपूर्ण कर्जामार्फत निर्यात सहज बनाउन लागिएको बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक सन्तोष पन्तले नेपालमा गन्तव्य विवाहको ठूलो सम्भावना रहेको उल्लेख गर्दै उच्च मूल्यका उपकरण आयातमा भन्सारसम्बन्धी जटिलता तथा धरौटीलगायतका समस्या समाधान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एडीबीका प्रमुख अर्थशास्त्री यान ह्यान्सनले नेपाली व्यवसायीहरूले अन्तरराष्ट्रिय खरिदकर्तासँग प्रत्यक्ष रूपमा जोडिन तथा विदेशी गुणस्तर मापदण्ड पालना गरेको प्रमाणित गर्न कठिनाइ भोगिरहेको बताउनुभयो ।

महिला उद्यमी महासङ्घका अध्यक्ष दर्शना श्रेष्ठले नेपालले लैङ्गिक उत्तरदायी व्यापार तथा निर्यात नीति र त्यसलाई सघाउने लैङ्गिक समावेशी निर्यात प्रणालीको आवश्यकता रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यकारी समिति सदस्य पशुपति देव पाण्डेले व्यापार तथा निर्यात नीतिमा रहेका कमी-कमजोरी, अपर्याप्त पूर्वाधार र क्षमता विकासको सीमितताका कारण नेपालको निर्यात वृद्धि सुस्त रहँदै आएको बताउनुभयो ।

निर्यात व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष देव आनन्द सरावगीले आयातित कच्चा पदार्थमा अत्यधिक निर्भरताका कारण अन्तर्राष्ट्रिय बजारमा नेपालको निर्यात क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको बताउनुभयो । नासआइटीका अध्यक्ष दीपिन चापागाईंले नेपालको सूचना प्रविधि उद्योग मुलुकका नयाँ र उच्च सम्भावना बोकेका क्षेत्रमध्ये एक रहेको उल्लेख गर्दै यस क्षेत्रमा रोजगारीको ठूलो सम्भावना रहेको बताउनुभयो ।

एडीबीका वरिष्ठ अर्थशास्त्र अधिकृत मानबर सिंह खड्काले अध्ययनले नेपालको निर्यात सम्भावना, निजी क्षेत्रले सामना गरिरहेका प्रमुख अवरोध तथा सफल निर्यातका लागि आवश्यक आधारहरूको महत्त्वपूर्ण विश्लेषण गरेको बताउनुभयो ।

# अर्थ मन्त्रालयको सहमति र बजेटमा समावेश बिनै स्थानीय तहद्वारा ऋण परिचालन : वित्त आयोग प्रतिवेदन

काठमाडौँ, २१ असोज (रासस) ।

केही स्थानीय तहले वार्षिक बजेटमा समावेश नगरीकनै तथा नेपाल सरकारको स्वीकृतिसमेत नलिई नगर विकास कोषबाट आन्तरिक ऋण परिचालन गरेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनाएको छ ।

सङ्घीय संसद् राष्ट्रियसभामा यही असोज १२ गते प्रस्तुत भएको आयोगको आठौँ वार्षिक प्रतिवेदन २०८३ अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा १७ वटा पालिकाले नगर विकास कोषबाट रु ३३ करोड ८७ लाख ८१ हजार ५४३ बराबर आन्तरिक ऋण परिचालन गरेका छन् । तीमध्ये कतिपय स्थानीय तहले वार्षिक बजेटमा ऋणको व्यवस्था नगरेको तथा कुनै पनि स्थानीय तहले ऋण परिचालनका लागि नेपाल सरकारको सहमति नलिएको आयोगले जनाएको छ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ अनुसार प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने व्यवस्था छ । आयोगका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नगर विकास कोषबाट ऋण परिचालन गरेका १७ स्थानीय तहका सम्बन्धमा अर्थ मन्त्रालयबाट कुनै पनि स्थानीय तहले ऋण परिचालनका लागि सहमति माग गरेको विवरण प्राप्त भएको छैन ।

"आर्थिक वर्ष २०८२/८३ मा १७ वटा स्थानीय तहले नेपाल सरकारको सहमति नलिई नगर विकास कोषबाट ऋण परिचालन गरेको देखिएको छ", आयोगले आफ्नो प्रतिवेदनमा भनेको छ ।

आयोगका अनुसार सातवटा पालिकाले वार्षिक बजेटमा समावेश नगरी ऋण परिचालन गरेका छन् । आयोगले हरेक वर्ष स्थानीय तहले वार्षिक बजेटमा ऋणको अनुमान समावेश गरेर सोही सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्नुपर्ने भनी सुझाव दिँदै आएको छ ।

वित्त आयोगले गत आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय सरकारले आन्तरिक ऋण परिचालन गर्दा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा स्थानीय सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको अधिकतम १२ प्रतिशतसम्म ऋण लिन सक्नेगरी सीमा सिफारिस गरेको थियो । त्यस्तो ऋण राष्ट्रिय, प्रादेशिक तथा स्थानीय नीति र योजनामा आधारित भई लागत-लाभ विश्लेषणबाट उपयुक्त देखिएका आयोजना तथा परियोजनामा मात्र परिचालन गर्नुपर्ने आयोगको सिफारिस थियो । त्यसैगरी, आयोगले आयोजना छनोट गर्दा आन्तरिक प्रतिफल दर (आईआरआर) वा खुद वर्तमान मूल्य (एनपीभी)को विश्लेषण गर्नुपर्ने सिफारिस गरेको थियो ।

यसैबीच, गत आर्थिक वर्षमा मोरङ जिल्लाका दुई पालिकाले आयोगले सिफारिस गरेको आन्तरिक ऋणको सीमाभन्दा बढी ऋण परिचालन गरेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण परिचालन गर्दा आवश्यक कानुनी, संस्थागत तथा संरचनागत व्यवस्था पूरा गरी नेपाल सरकारको सहमति लिएर मात्र बजेटमा समावेश गर्न सुझाव दिएको थियो । "प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने कानुनी व्यवस्थाको पालना भएको देखिएन", प्रतिवेदनमा भनिएको छ ।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा समेत १६ वटा स्थानीय तहले नगर विकास कोषबाट आन्तरिक ऋण परिचालन गरेको आयोगले उल्लेख गरेको छ । त्यस्तै, आयोगले आन्तरिक ऋण उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्नेमा पनि जोड दिएको छ । पुँजी निर्माण, पूर्वाधार विकास, रोजगारी सिर्जना, आय वृद्धि तथा दीर्घकालीन लाभ हुने आयोजनालाई प्राथमिकता दिनुपर्ने आयोगको सुझाव छ ।

आयोगले नगर विकास कोषबाट ऋण लिने विभिन्न उपभोक्ता संस्थाका लागि स्थानीय तहले जमानत बसेको विषयसमेत उठाएको छ । वार्षिक प्रतिवेदनअनुसार परियोजना रहेको स्थानीय तहले विभिन्न संस्थाले नगर विकास कोषबाट लिएको ऋणका लागि जमानत बसेको देखिएको छ । तर स्थानीय सरकारसँग सम्बन्धित प्रचलित कानुनमा त्यस्तो जमानत बस्न सक्ने व्यवस्था नरहेको आयोगले स्पष्ट गरेको छ ।

वार्षिक प्रतिवेदनमार्फत आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट परिचालन हुने आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली विकास गर्नसमेत सुझाव दिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत यस्तो प्रणाली सञ्चालन गरी त्यसमा आयोगलाई समेत पहुँच उपलब्ध गराउनुपर्ने आयोगको सुझाव छ ।

# फलफूलखेतीः बगैंचा बढे तर उत्पादन न्यून

महोत्तरी, २१ असोज (रासस) ।

मधेस आँप, लिची र केरासहितका फलफूल उत्पादनको उर्वर ठाउँ मानिन्छ । यहाँ ती फलफूलखेतीले खासै गति लिएको छैन । जिल्लामा आँप र लिचीका बगैँचा बर्सेनि केही बढेका देखिए पनि उत्पादनले भने उत्साह दिन नसकेको किसानको गुनासो छ ।

"बगैँचा त बढेका छन्, तर उत्पादन बढेन", बर्दिबास-५ चेरुका किसान होतराज घिमिरे भन्नुहुन्छ, "खासगरी विभिन्न रोगव्याध, सुख्खा र वर्ष बिराउने क्रमले आँप र लिचीको उत्पादन बढ्न नसकेको हो, आफ्ना करिब २०० आँपका रुखमा पछिल्ला तीन वर्षयता झन्झन् उत्पादन घटेको छ ।"

मधेसमा फलको राजा मानिने आँपखेती यसपालि जिल्लामा पाँच हजार हेक्टरको सेरोफेरोमा पुगेको जिल्लास्थित कृषि ज्ञान केन्द्र कार्यालयको तथ्याङ्क छ । यो गत वर्षभन्दा ५०० हेक्टरले बढी हो । आव २०८२/८३ मा जिल्लामा आँपखेती चार हजार ५६० हेक्टरमा रहेको कार्यालयको तथ्याङ्क छ । बितेको सिजनको सो वर्ष आँप २९ हजार ७०० मेट्रिक् टन उत्पादन भएको थियो । जुन आव २०८०/८१ भन्दा निकै कम हो । आव २०८०/८१ मा चार हजार ५०० हेक्टरमा रहेको आँप बगैँचाबाट ४७ हजार २५० मेट्रिक टन उत्पादन भएको थियो । आव २०८१/८२ मा भने माथिका दुवै वर्षभन्दा निकै कम उत्पादन भएको तथ्याङ्क छ । सो वर्ष चार हजार ५०० हेक्टरमै रहेको बगैँचाबाट १३ हजार ४६० मेट्रिक टनमात्र आँप उत्पादन भएको तथ्याङ्कले देखाएको छ ।

वर्ष-वर्षमा आँप उत्पादनमा यति धेरै फरक पर्नुमा 'अफइयर' (वर्ष बिराउने), सुक्खाखडेरी र मधुवा (आँपको फूलमा लाग्ने डढुवा रोग)को प्रकोप मुख्य कारण भएको बागवानी विज्ञसमेत रहनुभएका कृषि ज्ञान केन्द्र कार्यालय जलेश्वरका सूचना अधिकारी अविरलकुमार महतोको भनाइ छ । आँपमा प्रत्येक दुईतीन वर्षमा 'अफइयर' हुनेहुँदा सो वर्ष उत्पादन घट्ने गरेको महतोले स्पष्ट पार्नुभयो । मधेसको माटो र हावापानी आँपका लागि अनुकूल भए पनि बजारको अनिश्चितताले यो खेती महोत्तरीमा खासै बढ्न नसकेको विज्ञहरु स्वीकार गर्छन् । मधेसमा आँप रोप्ने समय असारदेखि असोजसम्म र पछि फागुन उपयुक्त मानिन्छ । यसपालि चालु आवको अन्त्यसम्म पाँच हजार हेक्टरको सेरोफेरोमा आँपखेती पुग्ने कार्यालयको अनुमान छ ।

यसैगरी मधेसको अर्को प्रसिद्ध फल लिचीका बगैँचा पनि जिल्लामा सामान्य रूपमा बढ्दो छ । आव २०८०/८१ मा १०५ हेक्टरमा मात्र रहेको लिची सो वर्ष एक हजार ५० मेट्रिक टन उत्पादन भएको थियो । सोलगत्तै पछिको आव २०८१/८२ मा खेती १२० हेक्टर र आव २०८२/८३ मा १४० हेक्टर पुगेको कार्यालयले जनाएको छ । यी दुई वर्षमा उत्पादन क्रमशः एक हजार २२५ र एक हजार ४५० मेट्रिक टन पुगेको तथ्याङ्क रहेको महतोले स्पष्ट पार्नुभयो । चालु आवमा लिची केही बढेर २०० हेक्टरमा पुग्ने कार्यालयको अड्कल छ । थोरथोरै बढेको क्षेत्रफलमा उत्पादन पनि केही बढेको देखिए पनि रुखको अनुपातमा उत्पादन कमै भएको विज्ञको भनाइ छ ।

त्यसैगरी, बजारपिच्छे केराको बजार सदाबहार जमे पनि महोत्तरीमा केराखेती खासै बढेको छैन । बरु तीन वर्षअघिभन्दा अहिले केराखेती घटेको छ । आव २०८०/८१ मा ३०० हेक्टरमा रहेको केराखेती २०८१/८२ मा २८० हेक्टरमा झरेको तथ्याङ्कमा देखिन्छ । आव २०८२/८३ मा भने अलिकति बढेर २९० हेक्टरमा पुगेको खेती यसपालि ४०० हेक्टरको हाराहारी पुग्ने बागवानीविज्ञ महतोले बताउनुभयो ।

केराको उत्पादन आव २०८०/८१ मा चार हजार ७२९, आव २०८१/८२ मा चार हजार ४८० र आव २०८२/८३ मा चार हजार ४९५ मेट्रिक टन उत्पादन भएको महतोले तथ्याङ्क केलाउँदै स्पष्ट पार्नुभयो । मधेसका प्रत्येकजसो चाडबाडमा अनिवार्यजस्तै मानिएको केरा यहाँका सबैजसो बजारमा दिनहुँ बिक्री हुन्छ । यो सबै केरा अन्य जिल्ला र भारततिरबाट समेत आउने फलफूल व्यापारी नै बताउँछन् । केराका लागि पनि यहाँको माटो, हावापानी अनुकूल भए पनि यस आधारमा खेती भने नबढेको देखिन्छ ।

आँप, लिची र केराको यो व्यावसायिक खेतीको तथ्याङ्क हो । मधेसमा थोरै जग्गा हुनेले पनि घरकरेसामै एकदुईवटा आँप, लिची र एकाध झाङ केरा लगाएका बाक्लै देखिन्छ । आफ्नो घरको प्रयोजनका लागि यसरी आँप, लिची र केरा लगाउने किसान भने आम रूपमै पाइने गरेको महतो बताउनुहुन्छ ।

जिल्लामा ७१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेको कार्यालयको तथ्याङ्क छ । यसबाहेक अन्य बाली राम्ररी नहुर्कने पाखा/ढड्यान ठाउँमा पनि सामान्य मेहनत र सम्भारमा आँप, लिची र केरा हुर्काउन सकिन्छ । मधेसको माटो र हावापानी यी फल खेतीका लागि अनुकूल भए पनि यसबाट जीवनयापन र राम्रो आर्जनको भरोसा जगाउन नसकिँदा खेती अपेक्षित बढ्न नसकेको कृषि क्षेत्रकै सरकारी सेवाको सहसचिवबाट अवकाश लिनुभएका बागवानीविज्ञ भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेलको विगत अनुभव छ ।

## विश्व समाचार

### हर्मुजको चिन्ताले तेल महँगियो

हङकङ, २१ असोज (रासस/एएफपी) ।

इरानले महत्त्वपूर्ण हर्मुज जलघाँटीमा तेल ट्याङ्करमाथिको आक्रमण बढाएको देखिएको चेतावनीपछि मध्यपूर्वबाट हुने तेल आपूर्तिप्रति चिन्ता बढ्दा बुधबार कच्चा तेलको मूल्य उकालो लागेको छ भने एसियाली सेयर बजारमा गिरावट आएको छ ।

बेलायतको मेरिटाइम ट्रेड अपरेसनका अनुसार यस महिना हर्मुज जलघाँटी र पर्सियन खाडी क्षेत्रमा नौ वटा आक्रमण भएका छन् । यसअघि मध्यपूर्वबाट हुने तेल निर्यात युद्धअघिको स्तरमा फर्किएको खबरले ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलर र अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटीआई) को मूल्य ९० डलरभन्दा तल झरेको थियो ।

तर ट्याङ्करमाथि आक्रमण बढेको खबरसँगै तेलको मूल्य पुनः बढेको हो । पेपरस्टोनका क्रिस वेस्टनले तेलको प्रवाह बढेको रिपोर्टले मूल्यमा केही दबाव दिए पनि जहाजमाथिको आक्रमणसम्बन्धी खबरले त्यसलाई सन्तुलित गरेको बताउनुभयो । उहाँका अनुसार बजार अहिले भूराजनीतिक जोखिमप्रति अत्यधिक संवेदनशील छ ।

यसैबीच, यमनका हुथीहरूले रियादको मुख्य विमानस्थलमा आक्रमण गरेको दाबी गरेका छन् । यमनी सरकारी फौजले भने उक्त दाबी अस्वीकार गर्दै बाब अल-मन्डब जलघाँटी र बन्दरगाह सहर मोचा वरपरका क्षेत्रबाट इरान समर्थित समूहलाई हटाएको जनाएको छ ।

उता, टोकियो, हङकङ, सिङ्गापुर, सियोल, वेलिङ्टन र ताइपेईका सेयर बजार घटेका छन् भने सिड्नी र मनिलाका बजार बढेका छन् । अमेरिकी नास्डाक र एस एन्ड पी ५०० भने नयाँ कीर्तिमानमा पुगेका थिए । एनभिडियाको सेयर मूल्य वृद्धिसँगै कम्पनीको बजार पुँजीकरण करिब ५७ खर्ब अमेरिकी डलर पुगेको छ ।

फाइनान्सियल टाइम्सको स्पेसएक्सले एनभिडियाका चिप खरिदका लागि ४० अर्ब अमेरिकी डलर जुटाउन खोजिरहेको समाचारले पनि लगानीकर्ताको उत्साह बढाएको थियो । यद्यपि, कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा प्रविधि कम्पनीहरूले गरेको ठूलो लगानीबाट अपेक्षित प्रतिफल कहिले प्राप्त हुन्छ भन्ने चिन्ता भने कायमै छ ।

### इराकमा ठूलो परिमाणको लागूऔषध बरामद, तस्करी योजना विफल

बगदाद, २१ असोज (रासस/सिन्ह्वा) ।

इराकी सैन्य गुप्तचर बलले देशको पश्चिमी मरुभूमि क्षेत्रमा लागूऔषध तस्करीको प्रयास विफल पार्दै करिब दुई लाख ५० हजार नशालु गोली बरामद गरेको इराकी रक्षा मन्त्रालयले मंगलबार जनाएको छ । रक्षा मन्त्रालयका अनुसार तस्करीमा संलग्न व्यक्तिहरूले ट्र्याकिङ उपकरण जडान गरिएको बेलुनमार्फत लागूऔषध ओसारपसार गर्ने योजना बनाएका थिए ।

घटनासम्बन्धी फरेन्सिक अनुसन्धान इकाइले कानुनी प्रक्रिया अघि बढाइरहेको मन्त्रालयले जनाएको छ । अनुसन्धान पूरा भएपछि मुद्दा प्रचलित कानुनअनुसार सम्बन्धित निकायमा पठाइने बताइएको छ ।

सन् २००३ मा अमेरिकाको नेतृत्वमा भएको आक्रमणपछि इराकमा लामो समयसम्म जारी रहेको अस्थिरता र द्वन्द्वले लागूऔषध नियन्त्रणका प्रयासमा चुनौती थपेको छ । इराकी सरकारले लागूऔषधको तस्करी आतंकवादलाई आर्थिक स्रोत उपलब्ध गराउने प्रमुख माध्यममध्ये एक रहेको बताउँदै आएको छ ।

### नोबेल रसायनशास्त्रमा सम्भावित दाबेदार

स्टकहोम, २१ असोज (रासस/एएफपी) ।

निद्रा र भोक नियन्त्रण गर्ने अणु, डिएनए सम्पादन तथा नयाँ पुस्ताको सिक्वेन्सिङ प्रविधिसम्बन्धी अनुसन्धान यस वर्षको रसायनशास्त्रतर्फको नोबेल पुरस्कारका सम्भावित दाबेदारका रूपमा चर्चामा छन् । रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले बुधबार बिहान पुरस्कार विजेताको घोषणा गर्नेछ ।

क्लेरिभेटले भोक नियन्त्रणसँग सम्बन्धित ग्लुकागन-जस्तो पेप्टाइड-१ (जीएलपी-१) सम्बन्धी अनुसन्धानलाई सम्भावित दाबेदारका रूपमा अघि सारेको छ । यस क्षेत्रमा क्यानाडाली वैज्ञानिक डेनियल ड्रकर, डेनिस वैज्ञानिक जेन्स जुल होल्स्ट र अमेरिकी रसायनशास्त्री स्वेतलाना मोजसोभको नाम चर्चामा छ ।

त्यस्तै, आणविक तहमा सतहको गुण परिवर्तन गर्ने 'सेल्फ-एसेम्बल मोनोलेयर्स' (एसएएम) विकासमा योगदान पुऱ्याउने अमेरिकी वैज्ञानिक डेभिड अल्लारा, राल्फ नुजो र इजरायली वैज्ञानिक ज्याकब सागिभ पनि सम्भावित दाबेदारमा हुनुहुन्छ । प्रोटिनभित्र इलेक्ट्रोनको गतिबारे अनुसन्धान गर्ने ह्यारी ग्रे र जे विङ्क्लर तथा सौर्य कोषसम्बन्धी अनुसन्धानका माइकल ग्र्याटजेलको नाम पनि चर्चामा छ ।

डिएनए सम्पादनतर्फ डेभिड लिउ तथा नयाँ पुस्ताको डिएनए सिक्वेन्सिङमा योगदान पुऱ्याउने शङ्कर बालासुब्रमण्यम र डेभिड क्लेनरम्यान सम्भावित दाबेदार मानिनुभएको छ । निद्रा नियमनसम्बन्धी ओरेक्सिन अनुसन्धानका लागि इमानुएल मिग्नोट, मासासी यानागिसावा र लुइस डे लेसियाको नाम पनि अघि सारिएको छ ।

ब्याट्री प्रविधिका जीन-मेरी तारास्कन, जटिल कार्बोहाइड्रेट तथा ग्लाइकोप्रोटिन निर्माणका ची-ह्युई वोङ र औषधि वितरण तथा टिस्यु इन्जिनियरिङका रोबर्ट ल्याङ्गर पनि सम्भावित दाबेदारमा हुनुहुन्छ ।

गत वर्ष सुसुमु किटागावा, रिचर्ड रोबसन र ओमार याघीलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो । यस वर्ष बिहीबार साहित्य, शुक्रबार शान्ति र अक्टोबर १२ मा अर्थशास्त्रतर्फको पुरस्कार घोषणा हुनेछ । नोबेल पुरस्कारमा प्रमाणपत्र, स्वर्ण पदक र एक करोड २० लाख स्विडिस क्रोनर प्रदान गरिन्छ ।

# मधेस विश्वविद्यालयद्वारा तीनवटा शैक्षिक कार्यक्रम विस्तार

जनकपुरधाम, २१ असोज (रासस)।
मधेस विश्वविद्यालयले थप तीनवटा शैक्षिक कार्यक्रम विस्तार गरेको छ ।

हाल स्नातकोत्तर तहको एमपिए, कानुन सङ्कायतर्फ बीए एलएलबी र जनप्रशासन सङ्कायतर्फ बिपीएम कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेस विश्वविद्यालयले चालु शैक्षिकसत्रबाट स्नातकोत्तर तहको एमबिए तथा स्नातक तहको एलएलबी र बिबीएको पठनपाठन सुरु गरेको हो ।

मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिकसत्र २०८३ बाट थपिएको तीनवटै सङ्कायको पठनपाठन गरेको छ ।

"एलएलबीको कक्षा सञ्चालन गरिसकेका छौं र बिबीएको कक्षा पनि सञ्चालनको तयारी अन्तिम चरणमा छ", रजिष्ट्रार यादवले भन्नुभयो, "अहिले एमपिए दोस्रो ब्याचको भर्नासमेत खोलेका छौं, छिट्टै भर्ना प्रक्रिया सकिए कक्षा सञ्चालन गर्छौं ।" विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रममा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न हौसिएको उहाँको भनाइ छ ।

गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९, जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमै दुईवटा सङ्कायको पठनपाठन सुरु गरेको थियो । विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवन लिजमा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप मधेस विश्वविद्यालयलाई मधेस प्रदेशमै पहिलो मधेस अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्रा डा दीपकबहादुर शाक्यले बताउनुभयो ।

"हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौं", उपकुलपति प्रा डा शाक्यले भन्नुभयो, "त्यसैले निकट भविष्यमै मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायतका चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि चलाउने लक्ष्य राखेका छौं ।" तत्कालका लागि वीरगन्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पतालाई आधार बनाएर एमबीबिएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उहाँको भनाइ छ ।

मधेस विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने दृष्टिले एमफिल पिएचडीसँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य रहेको उपकुलपति प्रा डा शाक्यले बताउनुभयो ।

मधेस प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा समाहित गराउन शिक्षालाई शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि मधेस प्रदेशमै पहिलो 'मधेस स्किल स्कुल' स्थापना गर्ने पनि मधेस विश्वविद्यालयको प्रमुख उद्देश्य रहेको उहाँको कथन छ ।

# दसैंको साइत : कात्तिक ४ गते बुधबार १०:२६ बजे विजया दशमीको उत्तम

**पूर्णप्रसाद मिश्र**
काठमाडौं, २१ असोज (रासस) ।

यस वर्ष विजया दशमीको साइत कात्तिक ४ गते बुधबार बिहान १०:२६ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

त्यस दिन बिहान ०८:४९ बजे देवी विसर्जन गरी १०:२६ बजेको शुभ साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ । पश्चिम मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । अर्थात्, टीका लगाइमाग्ने मानिस पश्चिम फर्केर टीका थाप्नुपर्नेछ । विजया दशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष सह प्रा डा पुरुषोत्तम भट्टराईले राससलाई जानकारी दिनुभयो ।

राज्य सञ्चालकले भने समितिले तोकेकै साइतमा मान्यजनबाट टीका, प्रसाद थाप्नुपर्ने उहाँले बताउनुभयो । देवीको प्रसादका रूपमा देशका धेरै भागमा कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीका र आशीर्वाद थाप्ने गरिन्छ । केही भागमा भने विजयादशमीका दिनमात्र देवीको प्रसादका रूपमा टीका थाप्ने गरिन्छ ।

नेपालमा राष्ट्रिय चाडका रूपमा दसैं मनाउने गरिन्छ । दसैंमा वातावरण नै उल्लासमय बन्छ । विभिन्न पेसा र व्यवसायका क्रममा थातथलोभन्दा टाढा टाढा रहेका नेपाली मान्यजनको आशीर्वाद थाप्न घर फर्कने गर्छन् । शरद ऋतुको उल्लासमय वातावरणमा मनाइने दसैंमा विशेषगरी नवदुर्गा भवानीको विशेष पूजा, आराधना गरिन्छ ।

**असोज २५ गते बिहान ११:४७ बजे घटस्थापनाको शुभ साइत**

यस वर्ष असोज २५ गते आइतबारदेखि नवरात्रारम्भ हुँदैछ । नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ । घटस्थापनाका लागि बिहान· ११:४७ बजेको साइत शुभ रहेको छ । यो दिन चित्रा नक्षत्र र वैधृति योगसमेत परेकाले घटस्थापना गर्नुअघि चित्रा नक्षत्र र वैधृति योगका शान्ति गर्नुपर्ने उहाँले बताउनुभयो ।

असोज २६ गते झण्डा फेर्ने साइत १०:०७ बजे उत्तम रहेको समितिले जनाएको छ । झण्डा फेर्दा पश्चिम मोहडा गरेर फेर्नुपर्ने पनि उहाँले सुनाउनुभयो । असोज २९ गते बिहीबार पचलीभैरव यात्रा हुने भएको छ । असोज ३१ गते शनिबार फूलपाती पर्व परेको छ । यसै दिन बिहान ०७:३७ बजे तुलजा भवानी यात्राको साइत जुरेको छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत बिहान १०:३९ बजेको छ ।

कात्तिक १ गते आइतबार महाअष्टमी पर्व परेको छ । यसै दिन राति भने कालरात्रि पर्व मनाइन्छ । कात्तिक २ गते सोमबार पनि अष्टमी तिथि नै परेको छ । कात्तिक ३ गते मङ्गलबार महानवमी पर्व परेको छ । कात्तिक ४ गते बुधबार विजयादशमी पर्व परेको छ । नेपालीको महान् पर्व बडादशैंको यो मुख्य दिन हो । यस दिन देवी विसर्जनको साइत बिहान ०८:४९ बजे रहेको समितिले जनाएको छ । बिहान ०८:४९ बजे देवी विसर्जन गरी साइतमा टीका लगाउनेका लागि बिहान १०:२६ बजेको साइत उत्तम रहेको छ ।

यस दिन बिहान १०:५१ बजे तुलजा भवानी यात्राको साइत छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत भने ११:५२ बजे रहेको समितिले जनाएको छ । खड्गयात्रा पनि यसै दिन परेको छ ।

कात्तिक ८ गते आइतबार सबै बलिपूर्ति गर्नुपर्नेछ । कात्तिक ८ गते आइतबार कोजाग्रतव्रत र पूर्णिमा व्रत परेको छ । यस दिन बेलुकी घर घरमा धनधान्यकी देवी महालक्ष्मीको पूजा आराधना गरेपछि १५ दिन लामो दुर्गा पक्ष अर्थात् दसैं पर्व समापन हुन्छ । कात्तिक ९ गते सोमबार कोजाग्रत पूर्णिमा परेको पनि समितिले जनाएको छ ।

बडा दसैंका अवसरमा बजार पसलमा पनि भीड हुने गर्छ । राम्रो लगाउने र मीठो खाने पर्वका रूपमा पनि यसलाई उल्लासमय वातावरणमा मनाइन्छ । दसैं नजिकिएसँगै बजारमा भीड बढ्न थालेको छ । दसैंमा सहुलियत मूल्यमा खाद्यपदार्थ बिक्री वितरणका लागि सरकारले सुपथ मूल्य पसल पनि सञ्चालन गर्दै आएको छ ।

दसैंमा विशेषगरी बालबालिकाले पिङ खेल्ने, चङ्गा उडाउने गर्छन् । दसैं पर्व बालबालिकाकै लागि हो भन्ने उखान पनि नेपाली समाजमा रहेको छ । बालबालिकाले रमाइलो गर्ने यो पर्वलाई प्रौढले भने देवीको पूजा, उपासना गरी मनाउँछन् । यस पर्वका अवसरमा देशभरका शक्तिपीठमा भक्तजनको विशेष उपस्थिति रहन्छ । शक्तिपीठमा बलिसहित पूजा गर्ने भक्तजनको पनि बाक्लो उपस्थिति रहन्छ ।

# दसैंमा नयाँ पैसा लिन सजिलो: बैंकको एटिएमबाटै १०० को नोट पाइने

काठमाडौं, २१ असोज (रासस) ।

नेपाल राष्ट्र बैंकले यसपालिको दसैंलाई लगायतका चाडपर्वलाई लक्षित गर्दै बैंक तथा वित्तीय संस्थालाई 'एटिएम मेसिन'बाटै रु १०० का नयाँ नोट उपलब्ध गराउन निर्देशन जारी गरेको छ ।

राष्ट्र बैंकको निर्देशनसँगै केही बैंक तथा वित्तीय संस्थाले नयाँ खाले एटिएम मेसिनबाट रु १०० का नोट पनि वितरण गर्न थालेका छन् ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले भोटेकोशी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको अवस्थामा नयाँ नोटबारे अनावश्यक प्रचारप्रसार नगरी चाडपर्वलाई लक्षित गर्दै राष्ट्र बैंक र वाणिज्य बैंकबाट सुकिला र सफा नोट प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

"एकातर्फ पैसा सटही गर्ने काम दैनिक गर्नुपर्ने नियमित काम जस्तै हो । यसलाई सूचना नै निकालेर गरिरहनुपर्छ भन्ने छैन", उहाँले भन्नुभयो, "चाडपर्वकै मुखमा भोटेकोशी बाढीले ठूलो जनधनको क्षति भएकाले पनि राष्ट्र बैंकले दसैं मनाउन भनी सूचना जारी गर्न पनि उपयुक्त देखिदैन । हामीले यो ढङ्गले गर्न लागेका हौं ।"

प्रवक्ता पौडेलले यही असोज १ गतेदेखि राष्ट्र बैंकको थापाथली, राष्ट्र बैंकका प्रादेशिक कार्यालय र वाणिज्य बैंकबाट सुकिला र सफा नोट दिने काम भइरहेको जानकारी दिनुभयो ।

प्रवक्ता पौडेलले पनि विगत ४/५ वर्षदेखि राष्ट्र बैंकले चाडपर्व लक्षित गर्दै नयाँ नोट बजारमा ल्याउने परिपाटीलाई क्रमशः न्यूनीकरण गर्ने प्रयास गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गत भदौ ३१ गतेसम्म रु सात खर्ब ९४ अर्ब करेन्सी इन सर्कुलेसन भएको छ । सो रकमको करिब ८ देखि १० प्रतिशतसम्मको रकम दसैंमा वृद्धि हुने अनुमान गरेका छौं ।"

# मन्त्रिपरिषद् बैठकको निर्णय

काठमाडौं, २१ असोज (रासस) ।

सरकारले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनेदेखि विभिन्न कानुन संशोधनका लागि अध्यादेश सिफारिस तथा उच्च तहका कर्मचारीको बढुवासम्मका महत्वपूर्ण निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय मानवअधिकार आयोगबाट क्षतिपूर्तिका लागि सिफारिस भएका १५३ पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

त्यस्तै, बैठकले पोर्चुगल सरकारलाई काठमाडौंमा महावाणिज्यदूतावास स्थापना गर्न सहमति दिने निर्णय पनि गरेको छ । मन्त्रिपरिषद्ले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश तथा विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशलगायतका अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकले नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फका सहसचिव (प्रा) नवीनराज सिंहलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ । यसैगरी, नेपाल प्रशासन सेवा समूहीकरणतर्फका सहसचिव चक्रबहादुर बुढालाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरिएको प्रवक्ता पोखरेलले जानकारी दिनुभयो ।

यस्तै नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फ नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारीलाई राजपत्राङ्कितविशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

# दुर्गा प्रसाईंलाई दुई लाख धरौटीमा छाड्न आदेश

काठमाडौं, २१ असोज (रासस) ।

जिल्ला अदालत काठमाडौंले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई रु दुई लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

जिल्ला न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले मंगलबार प्रसाईंलाई रु दुई लाख धरौटी लिएर छाड्न आदेश दिएको हो । अदालतका सूचना अधिकारी शिव खतिवडाले प्रसाईंलाई धरौटीमा रिहा गर्न आदेश भएको राससलाई जानकारी दिनुभयो ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबारसम्बन्धी कसुरमा नेपाल प्रहरीको साइबर ब्युरोले प्रसाईंलाई असोज १२ गते पक्राउ गरेको थियो । प्रहरीले विद्युतीय कारोबारसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाउँदै प्रसाईं विरुद्ध मुद्दा दर्ता गरेको थियो । सोही मुद्दामा जिल्ला अदालत काठमाडौंले मंगलबार धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

# इन्टरनेट मतदानका लागि प्रविधि र संस्थागत क्षमता सुदृढीकरणमा जोड

काठमाडौं, २१ असोज (रासस) ।

इन्टरनेट मतदान प्रणाली कार्यान्वयन गर्न प्रविधिगत तयारी, संस्थागत क्षमता विकास, साइबर सुरक्षा र अन्तरनिकाय समन्वयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ ।

निर्वाचन आयोगद्वारा आयोजित 'इन्टरनेट मतदान प्रविधि तथा निर्वाचन व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी प्रस्तुतीकरण, प्रविधि प्रदर्शन तथा अन्तर्क्रिया कार्यक्रम'मा प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले इन्टरनेट मतदान प्रणाली कार्यान्वयनका लागि आवश्यक प्रविधि, जनशक्ति र संस्थागत क्षमताको विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले प्रणालीको विश्वसनीयता र सुरक्षित सञ्चालनका लागि साइबर सुरक्षा तथा सम्बन्धित सरकारी निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो ।

निर्वाचन आयुक्त डा राजीव सुब्बाले भविष्यमा नेपालमा इन्टरनेट मतदान प्रणाली कार्यान्वयन गर्ने दिशामा अघि बढ्दा आयोगमा मात्र नभई सरकारका विभिन्न निकायमा उपलब्ध सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप, जनशक्ति र प्राविधिक क्षमताको 'स्किल म्यापिङ' गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले इन्टरनेट मतदान बहुआयामिक र अन्तरनिकायसँग सम्बन्धित विषय भएकाले डिजिटल पहिचान, मतदाता प्रमाणीकरण, डाटा आदानप्रदान, साइबर सुरक्षा, प्रणाली विकास, पूर्वाधार र सञ्चालनलगायत क्षेत्रमा उपलब्ध विशेषज्ञता र सीपको पहिचान गर्नुपर्नेमा जोड दिनुभयो । 'स्किल म्यापिङ'ले आवश्यक प्राविधिक जनशक्ति, विशेषज्ञता र संस्थागत क्षमताको पहिचान तथा उपयोगका लागि आधार प्रदान गर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा नेदरल्यान्ड्स, एस्टोनिया, बोस्निया, पानामा तथा बेलायतबाट सहभागी विज्ञले इन्टरनेट मतदान प्रणालीको प्राविधिक संरचना, सुरक्षा र सञ्चालनसम्बन्धी विषयमा जानकारी दिनुभएको थियो ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*